नेपाल वायुसेवा

प्रेस विज्ञप्ति

मितिः २०८१/१०/०३

नेपाल वायुसेवा निगमका कार्यकारी तहका कर्मचारीहरुको लागि अनिवार्य आवश्यक पर्ने Safety Management Syatem-SMS सम्बन्धी तालिम मिति २०८१ पौष २७ मा सम्पन्न भएको छ। उक्त तालिममा निगमका कार्यकारी अध्यक्ष सहित विभागिय प्रमुखहरुको सहभागिता रहेको थियो। तालिमको प्रशिक्षकमा CAAN Certified Instructor श्री लक्ष्मण देवकोटा रहनु भएको थियो। उक्त तालिम कार्य प्रकृतिको आधारमा निगमका अन्य तहका कर्मचारीहरुलाई समेत दिइदै आइरहेको छ।

साथै, सोही दिन निगमले सञ्चालन गरेको नेपाल वायुसेवा निगमको SWOT Analysis तथा समयसीमा सहितको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना प्रस्तुतीकरण कार्यक्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यता रहेको थियो। उक्त अवसरमा मन्त्रालयका सह-सचिव तथा निगमका सञ्चालक समिति सदस्य श्री रामकृष्ण लामिछानेज्यू तथा मन्त्रालयका अधिकारीहरुको समेत उपस्थिति रहेको थियो भने निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारीले स्वागत गर्नुभएको थियो। उक्त कार्यक्रममा निगमको विभागीय प्रमुखहरुले आ-आफ्नो विभागहरुको SWOT Analysis तथा समयसीमा सहितको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना समेत प्रस्तुत गर्नुभएको थियो।

उक्त अवसरमा बोल्दै माननीय मन्त्रीज्यूले निगमका विभागीय प्रमुखहरुले प्रस्तुत गर्नु भएका निगमका सवल र दुर्वल पक्षहरु तथा चुनौती र समस्याहरुलाई आफूले गम्भिरतापूर्वक लिएको र सोको सकारात्मक समाधानको लागि आगामी दिनहरुमा चालिने रणनीतिक तथा कार्यगत योजनाहरुमा मन्त्रालयको सदैव साथ र सहयोग रहनेमा जोड दिनु भयो। उक्त अवसरमा बोल्दै माननीय मन्त्रीज्यूले उक्त SWOT Analysis तथा समय सीमा सहितको योजनाहरु अत्यन्तै राम्रो रुपमा तयार गरि प्रस्तुत गरेकोमा निगम व्यवस्थापनलाई धन्यवाद दिदै व्यक्त प्रतिवद्धताको समय भित्रै कार्यान्वयन पनि हुनुपर्नेमा जोड दिनु भयो। नेपाल वायुसेवा निगम राष्ट्रिय ध्वजावाहक तथा व्यवसायिक संस्था भएकोले यसले गर्ने व्यवसायिक योजना तथा निर्णयहरु राजनीतिक प्रभावबाट टाढा राखी अन्य देशका वायुसेवा कम्पनीहरुले जस्तै व्यवसायिक ढंगबाट अघि बढ्नुपर्ने भनाई राख्दै यसमा सबै कर्मचारीहरु एकतावद्ध भई आफ्नो कार्य क्षमता र निगमको व्यवसायिक गुणस्तर वृद्धि हुनेगरी काम गर्न निर्देशन दिनु भयो।

नेपाल वायुसेवा निगम

उक्त अवसरमा श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह-सचिव तथा निगमका सञ्चालक समिति सदस्य श्री रामकृष्ण लामिछानेज्यूले निगमले प्रस्तुत गरेका SWOT Analysis एवं समयसिमा सहितको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजनाहरुबाट आफू थप आशावादी भएको उल्लेख गर्दै सबैले एक साथ इमान्दारीताका साथ काम गरे मात्र निगमले प्रगति गर्न सक्ने विश्वास व्यक्त गर्दै मन्त्रालयबाट गर्नुपर्ने कार्यहरुमा सधैं सकारात्मक सहयोग रहने प्रतिवद्धता जनाउनु भयो ।

सोही अवसरमा निगमले गरेका कार्यहरु र आगामी दिनमा गरिने समयसीमा सहितका भावि कार्य योजना बारे प्रकाश पार्दै निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले प्रस्तुत गर्नु भएका उक्त कार्यहरु सफल पार्न तालुक मन्त्रालय तथा नेपाल सरकारको समेत साथ सहयोग र अभिभावकत्व आवश्यकता पर्ने भएकोले निगमले सोही अनुरुपको सहयोगको अपेक्षा गरेको कुरा व्यक्त गर्नुभयो । निगमलाई अत्यन्तै महँगो भारको रुपमा रहेको १०% भन्दा बढीको ब्याजदर घटाउन आग्रह गर्दै संसारमै कुनै पनि वायुसेवाले १० प्रतिशत नाफा गर्न नसकेको परिप्रेक्षमा के कति कारणले यति महँगो ब्याजदरमा ऋण लिएर जहाजहरु किनियो ? यो गंभिर छलफलको विषय हुनुपर्छ र Soft Loan लिएर महँगो ब्याजदरलाई Swap गर्नु अत्यन्तै महत्वपूर्ण र जरुरी भएको कुरा राख्दै Soft Loan लिने सम्बन्धमा वर्तमान व्यवस्थापनको विशेष पहलमा अन्तर्राष्ट्रिय प्रस्तावपत्र (EOI) आह्वान गरी प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कनको प्रक्रियामा रहेको जानकारी गराउनु भयो । कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई ब्याजदर घटाउन, ऋणको किस्ता संख्या बढाउन तथा कोभिडको समयको ब्याज माथिको ब्याज र पेनाल्टी तथा हर्जना हटाइदिन पत्राचार गरिएकोमा हालसम्म टुंगोमा नपुगेकोले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सहयोग गरिदिनु पर्ने भन्दै मन्त्रीज्यू समक्ष विशेष आग्रह गर्नुभयो ।

यसै सन्दर्भमा चिनियाँ जहाजहरुको खरिद र ग्राउण्डेड गरिएका विषयहरुमा गम्भिर रुपमा छानविन हुनुपर्छ भन्दै ग्राउण्डेड यि जहाजहरुको व्यवस्थापनमा नेपाल सरकारको निर्णय र सहयोगको अपेक्षा राख्नु भयो । त्यसैगरी निजीकरण र कम्पनीकरण मात्र निगम सुधार गर्ने उपाय होइन भनी यस भन्दा पहिले निजीकरण गरिएका सरकारी संस्थानहरुको अहिलेको अवस्थाले पनि प्रष्ट पारिसकेकोले यस सम्बन्धमा गम्भिर छलफल भई उपयुक्त निचोडमा पुग्नुपर्ने कुरामा जोड दिनुभयो ।

त्यसैगरी निगमको विभिन्न १३ जिल्लाको २३ वटा स्थानहरुमा जग्गा जमिन तथा भवन रहेको र सोको यथोचित संरक्षण गरि थप आयआर्जन हुन सक्ने गरि उपयोग गरिने तथा सिनामंगलमा

रहेको जग्गामा बहुतले NAC Corporate House निर्माण तथा सुविधा सम्पन्न Hangar निर्माणको योजना समेत रहेको उल्लेख गर्दै निगम राष्ट्रिय ध्वजावाहक भएकोले अन्य राष्ट्रमा त्यहाँका राष्ट्रिय ध्वजावाहकलाई प्रदान गरिने विशेष सुविधाहरु जस्तै निगमलाई पनि नेपाल सरकारको तर्फबाट विशेष सुविधाहरु दिलाउन, विमान चालक तथा अन्य कर्मचारीहरुको सेवा सुविधा वृद्धि गर्न, मौजुदा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा निगम जस्तो विशेष प्रकृतिको हवाई व्यवसायको लागि छुट्टै प्रावधान राखी आवश्यक संशोधन गर्नुपर्ने कार्यमा सहजीकरण गरिदिनुहुन तथा नेपाल वायुसेवा निगम ऐन, २०१९ को प्रावधान अनुसार राष्ट्रिय ध्वजावाहकलाई सुदृढ र सवल बनाउन सहयोगको लागि मन्त्रालय समक्ष आग्रह गर्दै समन्वयात्मक भूमिका खेलिदिनु हुन समेत अनुरोध गर्नुभयो । यस सम्बन्धमा खरिद विनियमावली एयरलाइन्सको कार्य प्रकृति अनुरुप हुनुपर्ने भनी वि.स. २०७६ साल देखि माग गरि आएको र वर्तमान व्यवस्थापनले नयाँ खरिद विनियमावली तयार गरी स्वीकृतीको लागि तालुक मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत पेश गरिसकेकोले यस उपर यथाशिघ्र सकारात्मक निर्णय भई आएमा जहाज खरिद लगायतका निगमका कार्यहरु सुचारु रुपले सञ्चालन गर्न सहज हुने जानकारी गराउँदै माननीय मन्त्रीज्यूलाई समन्वयात्मक भूमिका खेलिदिनु हुन समेत अनुरोध गर्नुभयो ।

Safety Management Syatem-SMS तालिममा सहभागिहरुलाई माननीय मन्त्रीज्यूबाट प्रमाणपत्र वितरण तथा बधाई ज्ञापन गरिएको थियो ।

रमेश पौडेल
(प्रवक्ता)